# रु रु जलविद्युत परियोजना लिमिटेड
# RU RU JALBIDHYUT PARIYOJANA LIMITED

RU RU HYDROPOWER

च.नं: ७१ /२०८०/०८१

मिति : २०८०/०९/०१

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
✓श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सि. डि. एस. एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौं ।
श्री एन आइ एम बि एस क्यापिटल लि., काठमाण्डौं ।

**विषय : कम्पनीको १८ औं (आ.व. २०७९/८० अवधिको) वार्षिक साधारण सभा गर्ने, कम्पनीका शेयरधनीहरु लाई वितरण गर्नका लागी नगद लाभांश प्रस्ताव गर्ने लगायतका निर्णयहरु भएको सम्बन्धमा ।**

महोदय,

कम्पनीको मिति २०८०/०९/०१ गते आईतबारका दिन अपरान्ह ४:३० बजे कम्पनीको रजिष्टर्ड कार्यालयमा बसेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीको १८ औं (आ.व. २०७९/८० अवधिको) वार्षिक साधारण सभा गर्ने, कम्पनीका शेयरधनीहरु लाई वितरण गर्नका लागी नगद लाभांश प्रस्ताव गर्ने लगायतका निर्णयहरु भएको जानकारी गराउँदछु ।

**बैठकका निर्णयहरु :**

**निर्णय नं: १: लाभाशं प्रस्ताव गर्ने प्रस्ताव गर्ने सम्बन्धमा ।**

कम्पनीको आगामी १८ औं (आ.व. २०७९/०८०) वार्षिक साधारण सभामा कम्पनीको साधारण सभा प्रयोजनका लागी शेयर दाखिल खारेज बन्द हुने मिति सम्म कायम रहने शेयरधनीहरु लाई आ.व. २०७९/०८० अवधिको मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पुँजीको १०।५२६३ % (दश प्रतिशत) नगद लाभांश वितरण गर्ने प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २ : कम्पनीको १८ औं (आ.व. २०७९/०८०) वार्षिक साधारण सभा गर्ने तथा साधारण सभामा छलफल हुने प्रस्तावहरु तय गर्ने सम्बन्धमा ।**

कम्पनीको १८ औं (आ.व. २०७९/०८०) वार्षिक साधारण सभा निम्न मिति, समय, र स्थानमा देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने निर्णय गरियो ।

वार्षिक साधारण सभा हुन मिति : २०८०/०९/२५ गते बुधबार (तद्अनुसार जनवरी १०, २०२४)

समय : बिहान १०:३० बजे ।

स्थान : लिसरा रेसेप्सन, नक्साल, काठमाण्डौं ।

RU RU HYDROPOWER

**Head Office:**
P.O. Box No. ........ Ka.Ma.Na.Pa.-1, Hattisar, Kathmandu
Tel.: +977-1-4419393, 4419394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

**Project Site:**
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi

**छलफलका प्रस्तावहरु :**

**क. साधारण प्रस्ताव :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० अवधिको वित्तिय विवरण उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. लेखा परीक्षण समितिको सिफारिस अनुसार आ.व.२०८०/०८१ को लागी लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७९/८० अवधिको मुनाफा बाट चुक्ता पुँजीको १०।५२६३ % (प्रतिशत) नगद लाभांश वितरण प्रस्ताव पारित गर्ने ।

**ख. विविध ।**

**निर्णय नं: ३: साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता किताब बन्द गर्ने सम्बन्धमा ।**

कम्पनीको १८ औं वार्षिक साधारण सभा प्रयोजनका लागी मिति २०८०/०९/१७ गते मंगलबारका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरियो साथै नेपाल स्टक एक्सचेन्च लि. लाई सोही अनुसारको व्यवस्था मिलाई दिन आवश्यक सहयोगका लागी अनुरोध गर्ने समेत निर्णय गरियो

**निर्णय नं: ४: साधारण सभामा संचालकका तर्फबाट अध्यक्ष ज्यू ले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

कम्पनीको १८ औं वार्षिक साधारण सभामा संचालक समितिका तर्फ बाट अध्यक्ष ज्यूले पेश गर्ने प्रतिवेदन बैठकमा प्रस्तुत गर्नुभयो । उक्त प्रतिवेदन उपर छलफल गर्दा प्रतिवेदन लाई आगामी साधारणसभामा पेश गरि पारित गरिदिनका लागी सभा लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५: विविध सम्बन्धमा ।**

विविध अर्न्तगत छलफल गर्ने अन्य विषयहरु नरहेकोले अध्यक्ष ज्युले आजको बैठक समाप्त भएको घोषणा गर्नुभयो ।

**सहयोगका लागी धन्यवाद ।**

**किशोर प्रसाद घिमिरे**
**कम्पनी सचिव**

**बोधार्थ :**

**१. स्टाण्डर्ड चार्टर्ड बैंक लिमिटेड, नयाँबानेश्वर ।**